**Universal Power Company Limited**
**यूनिभर्सल पावर कम्पनी लिमिटेड**
ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं
फोनः ०१-५३५१४६३

# वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति भदौ ३०, २०८२**

उपरोक्त सम्बन्धमा यस कम्पनीको भदौ २९, २०८२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति, समय र स्थान :**

**मिति** : आश्विन २३, २०८२ (अक्टोबर ०९, २०२५)

**समय** : बिहानको १०:००, बिहीबार

**स्थान** : दरबार रेष्ट्रो होटेल एण्ड पार्टी भेन्यू, तीखेदेवल, ललितपुर ।

**२. छलफलको विषय :**

**१. साधारण प्रस्तावहरु**

क) आ.व. २०७९/८०, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को संचालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने ।

ग) आ.व. २०८०/८१ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने ।

ङ) आ.व. २०८१/८२ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

च) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

छ) आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ज) कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम २ जना संचालकहरुको निर्वाचन गर्ने ।

झ) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

ञ) कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.४७३७ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) कम्पनीको प्रबन्धपत्र संशोधन गर्ने ।

ख) चुक्ता पुंजीको ९ प्रतिशत बोनस शेयर (कर बाहेक) जारी गर्ने ।

ग) विशेष प्रस्ताव नं (ख) बमोजिम बोनस शेयर जारी गरे पश्चात् कायम हुने चुक्ता पूँजीको १०० प्रतिशत अर्थात् १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

घ) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्रको प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. विविध**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहने छ ।

२. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति आश्विन ०८, २०८२ एक दिन बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति आश्विन ०७, २०८२ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।

३. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनपर्नेछ । संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मत् बाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।

४. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई कम्पनीको प्रतिनिधि (प्रोक्सी) फारम भरी आश्विन २१, २०८२ दिउँसो ३:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

५. साधारण सभा हुने मिति भन्दा कम्तिमा ४८ घण्टा अगाडि निर्वाचन अधिकृतको कार्यालय तोकिनेछ । सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागी निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।

६. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

७. आफ्नो परिचय पत्र (सरकारी कार्यालयबाट जारी भएको) वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न पाइनेछ ।

८. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति आश्विन २१, २०८२ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ । लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन् ।

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**